आज मिति २०८२ साल असार ०१ गते आईतबार नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको ४७ (सतचालीसौं) बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका उपस्थितमा बसी देहाय बमोजिमको निर्णय गरीयो।

## उपस्थिति

१. नगर प्रमुखः श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुखः श्री रत्न बहादुर लामा

३. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

४. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

५. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

६. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

७. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

८. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

९. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

१०. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

११. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१२. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१३. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१४. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१५. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१६. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१७. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१८. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

१९. नगर कार्यपालिका सदस्य : श्री शुसिला परियार

२०. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२१. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

२२. सचिव एवं प्रमुख प्रशासकीय अधिकृतः श्री कृष्ण गिरी

**निर्णयार्थ पेश भएका विषयहरु:**

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।
२. नियुक्ति गर्ने सम्बन्धमा।
३. संस्था दर्ता गर्ने सम्बन्धमा।
४. न्युनतम मूल्यांकन सम्बन्धमा।
५. स्थानीय राजश्व परामर्श समितिको प्रतिवेदन सम्बन्धमा।
६. श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको प्रतिवेदन सम्बन्धमा।
७. बजेट निर्माण तथा कार्यान्वयन मार्गदर्शन स्वीकृत गर्ने सम्बन्धमा।
८. दोश्रो नगर सभाको सातौं अधिवेशन (बजेट अधिवेशन) को मिति तथा समय तोक्ने सम्बन्धमा।
९. योजना संशोधन सम्बन्धमा।
१०. तलबभत्ता भुक्तानी गर्ने सम्बन्धमा।
११. सडक बालबालिका मुक्त स्थानीय तह घोषणा गर्ने।
१२. मिनी टिलरको अनुदान सम्बन्धमा।
१३. कार्यविधि संशोधन गर्ने सम्बन्धमा।
१४. निर्णय अनुमोदन गर्ने सम्बन्धमा।
१५. विविध।

**निर्णयहरु:**

**निर्णय नम्बर १:**

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

**निर्णय नम्बर २:**

प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको विज्ञापन नं. ७/०८१-८२ (अन्तर तह), स्थानीय सेवा तर्फ, नवौं तह (प्राविधिक), इन्जिनियरिङ सेवा, सिभिल समूह, जनरल उपसमूह, सी.डी.इ. वा सो सरह पदको लागि आयोगको मिति २०८२/०२/०१ को निर्णयानुसार सिफारिस हुनुभएका श्री दिल भक्त जयनालाई मिति २०८२/०२/२९ गतेदेखि लागु हुने गरी बागमती प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा १७ अनुसार नियुक्ति गरी प्राविधिक शाखा प्रमुखको पदमा पदस्थापना गर्ने।

निर्णय प्रमाणित

**निर्णय नम्बर ३:**

नमोबुद्ध नगरपालिका ०७ नम्बर वडा कार्यालयबाट प्राप्त प.सं. २०८१/०८२, च.नं. १२९४, मिति २०८२/०२/२२ गतेको सिफारिस साथ प्राप्त आवश्यक कागजात अनुसार नमोबुद्ध नगरपालिकाको संस्था दर्ता सम्बन्धी ऐन, २०७७ बमोजिम श्री नमोबुद्ध योग साधना केन्द्र नियमानुसार दर्ता गर्ने।

**निर्णय नम्बर ४:**

मालपोत कार्यालय, काभ्रेपलाञ्चोकको प.सं. २०८१/०८२, च.नं. १२९१२, मिति २०८२/०२/२० गतेको जग्गाको न्युनतम मूल्यांकन कायम सम्बन्धमा छलफल गरी आ.व. २०८१/०८२ मा उल्लेख गरिएको जग्गाको न्युनतम मूल्यांकन नै कायम गर्न सम्बन्धित निकायलाई अनुरोध गर्ने।

**निर्णय नम्बर ५:**

नमोबुद्ध नगरपालिकाको नगर उप-प्रमुख श्रीमान् रत्न बहादुर लामाज्यूको संयोजकत्वमा विभिन्न मितिमा बसेको स्थानीय राजश्व परामर्श समितिको बैठकले पेश गरेको आर्थिक विधेयक, २०८२ सो सँग संलग्न अनुसूचीहरु र आर्थिक वर्ष २०८२/०८३ को लागि प्रक्षेपण गरिएको वार्षिक अनुमानित राजश्वको प्रतिवेदन माथि छलफल गरी स्वीकृत गर्ने।

**निर्णय नम्बर ६:**

नमोबुद्ध नगरपालिकाको नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको संयोजकत्वमा विभिन्न मितिमा बसेको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठकले पेश गरेको आर्थिक वर्ष २०८२/०८३ को अनुमानित आय, अनुमानित व्यय, विनियोजन विधेयक, २०८२ सो सँग सम्बन्धित अनुसूचीहरु, बजेट सिलिंगङ्ग लगायत उल्लेख भएको प्रतिवेदन माथि छलफल गरी स्वीकृत गर्ने।

**निर्णय नम्बर ७:**

नमोबुद्ध नगरपालिकाको नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको संयोजकत्वमा बसेको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले पेश गरेको देहाय बमोजिमको बजेट निर्माण तथा कार्यान्वयन मार्गदर्शन स्वीकृत गर्ने।

देहायः

क. योजना छनोट र प्राथमिकता सम्बन्धी आधारहरुः

१. विपद् पश्चातको पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी कार्यक्रमहरु।

निर्णय प्रमाणित

२. नेपालको संविधान।

३. दिगो विकास लक्ष्य।

४. नमोबुद्ध नगरपालिकाको आवधिक योजना, स्थानीय जलवायु अनुकुलन कार्ययोजना।

५. १६ औं पञ्चवर्षिय योजना।

६. स्थानीय सरकार सञ्चालन ऐन, २०७४।

७. नेपाल सरकारको आ.व. २०८२/०८३ को बजेटको उद्देश्य र प्राथमिकता।

८. बागमती प्रदेश सरकारको आ.व. २०८२/०८३ को बजेटको उद्देश्य र प्राथमिकता।

९. स्थानीय माग र आवश्यकता।

१०. ठुला र गौरवका आयोजनाहरु।

११. अधुरा र पुरा गर्नैपर्ने जनमुखी आयोजनाहरु।

१२. उत्पादन बृद्दी र रोजगार प्रवर्धन गर्ने खालका आयोजनाहरु।

१३. दिगो प्रतिफल दिने, टिकाउ र धेरै जनसंख्या लाभान्वित हुने कार्यक्रम तथा आयोजनाहरु।

१४. नमोबुद्ध नगरपालिकाको विपद् प्रतिकार्य योजना, २०८२।

**ख. <u>वडा स्तरीय बजेट निर्माणको मार्गदर्शनः</u>**

१. नमोबुद्ध नगरपालिकाको विपद् प्रतिकार्य योजना, २०८२ बमोजिम विपद् पश्चातको पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी कार्यक्रमहरुलाई प्राथमिकतामा राख्नु पर्नेछ।

२. श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले तोकेको वडागत बजेट सिलिङको सिमा भित्र रही बजेट निर्माण गर्नुपर्नेछ।

३. वडागत रुपमा छनोट गरिएका योजना तथा कार्यक्रम मध्ये कम्तिमा एउटा योजना तथा कार्यक्रम महिला, बालबालिका, दलित, अपाङ्ग, अशक्त, जेष्ठ नागरिक लगायतका लक्षित वर्ग विशेष कार्यक्रम हुनुपर्नेछ।

४. अधुरा योजनाहरुलाई प्राथमिकता दिनुपर्नेछ।

५. आयोजना छनोट गर्दा नगरपालिकाको आवधिक योजनामा रहको वडास्तरीय आयोजना बैंकबाट योजना छनोट गर्नुपर्नेछ।

६. वडागत रुपमा छनोट गरिएका योजनाहरु मध्ये कम्तिमा एउटा योजना वडास्तरीय गौरवको आयोजना मानि प्रयास बजेट विनियोजन गरेको हुनुपर्नेछ।

७. वडा स्तरीय बजेट तर्जुमा गरी वडा समितिको बैठकको अनुमोदन गरिएको निर्णय सहित यथाशिघ्र बजेट तथा कार्यक्रम तर्जुमा समितिको सचिवलयमा पेश गरिसक्नुपर्नेछ।

**ग. <u>विषयगत बजेट निर्माण मार्गदर्शनः</u>**

निर्णय प्रमाणीकरण

१. नमोबुद्ध नगरपालिकाको विपद् प्रतिकार्य योजना, २०८२ बमोजिम विपद् पश्चातको पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी कार्यक्रमहरुलाई प्राथमिकतामा राख्नु पर्नेछ।
२. बढि प्रतिफल दिने र विषयको उद्देश्य पुरा गर्ने खालका कार्यक्रम छनोट गर्नुपर्ने।
३. सामुहिक लाभ हुने खालका कार्यक्रम छनोट गर्नुपर्ने।
४. सकेसम्म वितरणमूखी कार्यक्रम छनोट नगर्ने र गर्नैपर्ने भनी विषयगत समितिबाट सहमतीमा उत्पादनमुखी मोडेलको गर्नुपर्ने।
५. चालु प्रकृतिको खर्च कम हुनेखालको आयोजना छनोट गर्नुपर्ने।
६. आयोजना छनोट गर्दा नगरपालिकाको आवधिक योजनामा रहको सोच, लक्ष्य, उदेश्य, रणनीति अनुसारको आयोजना/कार्यक्रम छनोट गर्नुपर्नेछ।

निर्णय नम्बर ८:

नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको सातौं अधिवेशन (बजेट अधिवेशन) को पहिलो बैठक मिति २०८२ असार ०९ गते विहानको ठिक ११:०० बजे नगरपालिकाको सभाहल, भकुण्डेबेशीमा गर्ने।

निर्णय नम्बर ९:

नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पाँचौं अधिवेशनमा विनियोजन भएको र छैटौं अधिवेशनमा संशोधन भएका वार्षिक नगर विकास योजना (नीति, कार्यक्रम तथा बजेट)मा उल्लेख भएको वडा नम्बर ११ अन्तर्गतको वडागत योजना भट्टराईटोल मोटरबाटो निर्माण शिर्षकमा विनियोजन गरिएको रकम रु २.००,००० (अक्षेरुपी दुई लाख) र कुरूगाउँ चाँपबोट पानी लिन जाने बाटो सिढी निर्माण शिर्षकमा विनियोजन गरिएको रकम रु २.००,००० (अक्षेरुपी दुई लाख) लाई संशोधन गरी श्यामपाटि कुरुगाउँ वडा कार्यालय तथा ढोडारी डाँडाकटेरी, ढिप्सेडाँडा चिण्डे लड्केश्वरी मोटरबाटोका लागि रकम रु. ४,००,००० (अक्षेरुपी चार लाख) कायम गर्ने र डाँडाकटेरी भूमेथान ट्रस्ट तथा संचरनाको निर्माण शिर्षकमा विनियोजन गरिएको रकम रु २.००,००० (अक्षेरुपी दुई लाख) लाई संशोधन गरी कपुरेढुङ्गा पाटीगाउँ मोटरबाटो मर्मत सुधार योजनाका लागि रकम रु. २,००,००० (अक्षेरुपी दुई लाख) कायम गर्ने वडा समितिको निर्णय अनुमोदन गरी सोही बमोजिम गर्ने।

निर्णय नम्बर १०:

जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोकको प.सं. २०८१/०८२, च.नं. ४९१८, मिति २०८२/०१/२१, को पत्रानुसार सामाजिक सुरक्षा भत्तामा आवद्ध नागरिकहरुलाई लक्षित गरी संचालन गरिएको राष्ट्रिय परिचय पत्र शिविरमा विवरण इन्ट्री गर्न खटि आउनुभएको श्री गोपिनी खड्कालाई २ महिना कम्पुटर अपरेटर पद बराबरको तलबभत्ता उपयुक्त शिर्षकबाट उपलब्ध गराउने।

**निर्णय नम्बर ११:**

नमोबुद्ध नगरपालिकाको सम्बन्धित वडा समितिको निर्णय भई कुनै पनि वडामा सडक बालबालिका नरहेको विवरणका आधारमा यस नगरपालिकालाई सडक बालबालिका मुक्त स्थानीय तह घोषणा गर्ने। निकटतम भविष्यमा सडक बालबालिका भेटिएको खण्डमा तत्काल उद्धार, पुनर्स्थापना र संरक्षणको व्यवस्था मिलाउने।

**निर्णय नम्बर १२:**

नमोबुद्ध नगरपालिकाबाट बजेट विनियोजन भई कृषि समुहबाट खरिद गरिएका मिनीटेलरको अनुदान दिंदा नगरपालिकाले बोलपत्र मार्फत खरिद गरेको मिनीटेलरको मूल्य अंकलाई कायम गरी सोको ५०% प्रतिशतले हुन आउने रकम मात्र अनुदानको रुपमा उपलब्ध गराउने।

**निर्णय नम्बर १३:**

नमोबुद्ध नगरपालिकाको दमकल (बारुण यन्त्र) परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा ७ सोहीसँग सम्बन्धित अनुसूची २ लाई तपसिल बमोजिम संशोधन गर्ने।

| क्र.म. | विवरण | विद्यमान रहेको व्यवस्था | संशोधन गरी कायम गरिएको व्यवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | दफा ७ खाना खर्च सम्बन्धी व्यवस्था | आगो नियन्त्रण कार्यमा परिचालन हुने कर्मचारीलाई खाना, खाजा तथा दैनिक भत्ता अनुसूची २ बमोजिम नगरपालिकाले व्यवस्था गर्नेछ | आगो नियन्त्रण कार्यमा परिचालन हुने कर्मचारीलाई खाना खर्च अनुसूची २ बमोजिम नगरपालिकाले व्यवस्था गर्नेछ | |
| २ | अनुसूची २ आगो नियन्त्रण कार्यमा परिचालन हुने कर्मचारीलाई खाना खर्च सम्बन्धी विवरण | खाना २५०<br>खाजा १५०<br>दैनिक भत्ता १५००<br>जम्मा १९०० | खाना खर्च २५० | |

निर्णय प्रमाणीकरण

निर्णय नम्बर १४:

नमोबुद्ध नगरपालिकामा कृषि अधिकृत (छैटौं तह सरह) करार सेवामा नियुक्ति सम्बन्धी मिति २०८२/०२/०८ गते भएको नगर प्रमुख स्तरीय निर्णय अनुमोदन गर्ने।